फिदिम नगरपालिका
फिदिम नगर कार्यपालिकाको कार्यालय
फिदिम, पाँचथर
१ नं प्रदेश, नेपाल


प.सं.०७८/०७९
च.नं.

प्रकाशन मितिः२०७८।११।०१

## न्यूनतम् रोजगारीमा संलग्न हुनका लागि निवेदन दिने सम्वन्धी अत्यान्त जरुरी सूचना !!!

रोजगारीको हक सम्बन्धि ऐन २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धि नियमावली २०७५को नियम ७ तथा प्रधानमन्त्री रोजगार कार्यक्रम संञ्चालन निर्देशिका २०७५ को दफा १८ अनुसार "श्रमको सम्मान,राष्ट्रको अभियान" सम्बन्धि रणनिति २०७८ अनुसार "न्यूनतम रोजगार,नागरिकको अधिकार" भन्ने मुल नाराका साथ आ. व. २०७९/८० मा फिदिम नगरपालिका अन्तर्गत रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिनको न्यूनतम रोजगारीमा संलग्न भै सार्वजनिक विकास निर्माणमा योगदान गर्न इच्छुक वेरोजगार व्यक्तिहरुले २०७८ फाल्गुण १ गते देखि ३० गतेसम्ममा तपशिलमा उल्लेखित कागजात संलग्न गरी आफ्नो स्थायी वसोबास रहेको वडा कार्यालयमा गई दिवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ।

वेरोजगार दर्ताका लागि दिने निवेदनको फारम सम्वन्धित वडा कार्यालयमा उपलब्ध हुनेछ। निवेदन दिंदा फारममा उल्लेख भएका विवरणहरु पुर्ण रुपमा भर्नु पर्नेछ उल्लेखित विवरण पुर्ण नभरिएमा वा तोकिएको आवश्यक कागजातहरु पेश नगरेमा उक्त निवेदनहरु रद्ध गरिने समेत यसै सूचना मार्फत जानकारी गराईन्छ।

### निवेदन दिनका लागि आवश्यक कागजातहरु:

१. निवेदन दिने व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपी-१ प्रति
२. निवेदन दिने व्यक्तिको हालसालै खिचेको पासपोर्ट साइजको फोटो-१प्रति
३. निवेदन दिने व्यक्तिको एकाघरपरिवारका सवै सदस्यहरुको नागरिकता प्रमाणपत्रको प्रतिलिपी – एक /एक प्रति
४. निवेदन दिने व्यक्तिले कुनै किसिमको सीपमूकल तालिम लिएको भए उक्त तालिमको प्रमाणपत्रको प्रतिलिपी-एक प्रति
५. निवेदन दिने व्यक्ति वा परिवारमा अपाङ्गता भएका सदस्य भएमा अपाङ्गताको परिचयपत्रको प्रतिलिपी
६. निवेदक बैदेशिक रोजगारीबाट फर्किएको वा श्रम स्वीकृति लिइ रोजगारीमा जान नपाएको भएमा उक्त व्यहोरा खुल्ने कागजातको प्रतिलिपी

गणेश प्रसाद दाहाल
प्रमुख प्रशासकीय अधिकृत

गणेश प्रसाद दाहाल
प्रमुख प्रशासकीय अधिकृत


फोन नं. ०२४-५२०१०१७, ०२४-५२०१०८
इमेलः phidim.municipality@gmail.com
वेबसाइटःhttp:phidimmun.gov.np


समृध्द शहर फिदिम नगर